## बाली तथा पशुधन बीमाको प्रिमियममा थप अनुदान सम्बन्धी कार्यविधि, २०७७

(*पहिलो संशोधन, २०७८ मिति: २०७८/०७/०७)

प्रस्तावना : कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरुको न्युनीकरण गरी कृषकहरुको लगानी सुरक्षित गर्दै उत्पादन तथा उत्पादकत्व वृदीगर्न कृषकहरुलाई बाली तथा पशुपन्छीको बीमाको प्रिमियममा थप अनुदान प्रदान गर्न वाञ्छनीय भएकोले,

माडी नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"बाली तथा पशुधन बीमाको प्रिमियममा थप अनुदान सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा.

(क) **"बाली"** भन्नाले खेती गरिएका अन्न, तरकारी, फलफुल, नगदेबाली, औद्योगिकबाली लगायतका कृषि उपज सम्झनु पर्छ । यस शब्दले मौरीपालन, रेशमखेतीतथा च्याउलाई समेत जनाउँदछ।

(ख) **"पशुधन"** भन्नाले घरपालुवा पशु र पन्छी सम्झनु पर्छ। यस शब्दले मत्स्यपालनलाई समेत जनाउँदछ ।

(ग) **"बीमक"** भन्नाले बीमा ऐन. २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनी सम्झनपर्दछ । यस शब्दले पुनर्बिमकलाई समेत जनाउँदछ ।

(घ) **"बीमित"** भन्नाले बाली वा पशुपन्छीको बीमा गराउने व्यक्ति वा परिवार वा वाकृषि फर्म वा कृषक समूह वा कृषक समिति वा कृषक सहकारी सम्झन् पर्छ ।

(ङ) **"बीमालेख"** भन्नाले बीमा समितिबाट जारी गरिएको बीमालेख सम्झनु पर्छ ।

(च) **"समिति"** भन्नाले दफा ३ बमोजिमको बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) **"शाखा"** भन्नाले कृषि तथा पशु पन्छी तथा मत्स्य विकास शाखा सम्झनु पर्छ ।

(ज) **"नगरपालिका"** भन्नाले माडी नगरपालिका सम्झनु पर्छ ।

### परिच्छेद-२

### कार्यक्रम कार्यान्वयन प्रक्रिया

**३. बाली तथा पशुधन बीमा व्यस्थापन समितिः** (१) यस कार्यविधिमा व्यवस्था भएं बमोजिम बाली तथा पशुधन बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यक्रम सचालनकालागि नगरपालिकामा एक बाली तथा पशुधन बीमा व्यस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहनेछनः

(क) प्रमुख प्रशासकीय अधिकृत, सयोजक

(ख)कृषि तथा सहकारी समिति संयोजक, सदस्य

(ग) कृषि शाखा प्रमुख, सदस्य

(घ) लेखा शाखा प्रमुख, सदस्य

(ङ) पशुपन्छी तथा मत्स्य शाखा प्रमुख, सदस्य सचिव

**४. बैठक सम्बन्धी कार्यविधि:** (१) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२)समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमाआमन्त्रण गर्न सक्नेछ ।

(३)समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिमहुनेछ।

**५.समितिको काम कर्तव्य र अधिकार:** (१) दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वाली तथा पशुधन बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिने,

(ख) वाली तथा पशुधन बीमा कार्यक्रमको कार्यान्वयनको सम्बन्धमा देखिएका समस्या समाधानका लागि पहल गर्ने,

(ग) बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान प्रदान गर्नका लागिआवश्यक पर्ने बजेटको अनुमान गरी नगरपालिकालाई जानकारी दिने ।

घ) बाली तथा पशुधन बीमा गर्ने कम्पनीहरुलाई थप अनुदान रकम उपलब्धगराउने व्यवस्था मिलाउने,

(ङ) बीमा समिति र बीमा कम्पनीहरूसँग समन्वय गर्ने, बाली तथा पशुधन बीमा सम्बन्धी अन्य कार्यहरु गर्ने गराउने,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाली तथा पशुधन वीमामा थप अनुदान प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्नका लागि आवश्यक रणनीति एवम् योजनाबनाउनु समितिको प्राथमिक कर्तव्य हुनेछ ।

## परिच्छेद-३

## थप अनुदान उपलब्ध गराउने प्रक्रिया

**६. बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने प्रक्रिया :**(१) बाली तथा पशुधनको प्रिमियममा थप अनुदान प्रदान गरिने रकम वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमको सीमा भित्र रही दिइनेछ ।

(२) बाली तथा पशुधनको व्यवसायिक उत्पादन गर्ने व्यक्तिले बीमा अनुदान कार्यक्रम अन्तर्गत बाली तथा पशुधनको जोखिम बीमा गर्न बीमा ऐन, २०४९ अन्तर्गत स्थापना भएकोबीमक समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) अनुसार प्राप्त निवेदनको आधारमा वीमकले वाली तथा पशुधनकोबीमा गर्नेछ।

Scanned with CamScanner

(४) बीमकले संघीय सरकारबाट कूल बीमा प्रिमियमको ८० प्रतिशत रकम अनुदान प्राप्त गर्नेछ ।*
(५) बिमितले ८० प्रतिशत प्रिमियम बाहेकको बाँकी थप १५ प्रतिशत प्रिमियम रकम नगरपालिकाबाट अनुदान प्राप्त गर्नेछ ।५ प्रतिशत प्रिमियम बिमितको स्वलगानी हुनेछ ।*
(६) उपदफा (५) बमोजिम भुक्तानी लिन बीमितले बीमालेखको प्रतिलिपि र अन्य आवश्यक कागजातहरु अनिवार्य रुपमा वीमा गरेको ३० दिन भित्र समितिमा पेश गर्नुपर्नेछ ।
(७) उपदफा (६) बमोजिम पेश हुन आएका कागजातहरुको समितिले अध्ययन गरी बैंक वा रकमभूक्तानीको व्यवस्था मिलाउनेछ ।
(८) बीमा गरिने बाली तथा पशुधनको बिमांक रकम निर्धारण, बीमा प्रिमियम रकम निर्धारण, दावी भुक्तानी प्रक्रिया र बीमा सम्बन्धी अन्य व्यवस्थाहरु वाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ र सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ ।
(९) अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि वीमा प्रिमियममा थप अनुदानरकम ५० हजार रुपैयाँसम्म मात्र हुनेछ ।

## परिच्छेद ४
## कार्यक्रमको अनुगमन, मुल्याङकन तथा प्रतिवेदन

**७. कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदनः** (१) यस कार्यविधि अन्तर्गत बीमा गर्ने बीमकले आफले जारी गरेको बीमालेख, त्यस्तो बीमालेखले सृजना गरेको दायित्व र जोखिम तथा समितिले तोके बमोजिमका अन्य सूचनाहरु सहितको विवरण प्रत्येक चौमासिक समाप्त भएको १५ दिन भित्र नियमित रुपमा समितिमा पठाउनु पर्नेछ ।
(२) कार्यविधि अन्तर्गत बाली तथा पशुधनको जोखिम बीमा सदुपयोग र प्रभावकारिता बारे अनुगमन र मुल्याङ्कनको कार्य नगरपालिकाबाट हुनेछ ।
(३) नियमित अनुगमन र मुल्याङ्कनको कार्य सम्बन्धित शाखाबाट हुनेछ ।
(४) उपदफा (२) र (३) बमोजिम भएका अनुगमन तथा मुल्याङ्कनबाट प्राप्त प्रतिवेदनलाई समितिले अभिलेखको रुपमा सुरक्षित राख्न पर्नेछ ।

## परिच्छेद-५
## विविध

**८. प्रचलित कानून लाग हुनेः** यस कार्यविधिमा लेखिएका कुरामा यसै कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
**९. बाधा अड्काउ फुकाउने र संशोधनः** (१) यस कार्यविधिको कार्यान्वयनमा कनै दुविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा नगरपालिकाले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधाअड्काउ फुकाउन सक्नेछ । यसअघि भएका बिमाको हकमा पनि सशोधित कार्यविधि लागू हुनेछ ।*
(२) नगरपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

***पहिलो संशोधनबाट संशोधित, २०७८ मिति २०७८/०७/०७**

Scanned with CamScanner